परिवर्तन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पुतलाचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल
(रोजगार सेवा केन्द्र)

प.सं.: २०७७।०७८
च.नं: [illegible]

☎ ९८५७८४९००१

## न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने सम्बन्धी सूचना

मिति: २०७७/१०/०२

रोजगारको हकसम्बन्धी ऐन, २०७५ को दफा ११ रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५(पहिलो संशोधन २०७७) को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७८/७९ मा न्यून आय भएका वा स्वरोजगार समेत नरहहेका १८ बर्ष देखि ५९ वर्ष उमेर समुहका बेरोजगार नागरिकहरुले **२०७७ फागुन मसान्तसम्म** आफुले स्थायी बसोबास गरेको स्थानिय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी गाउँपालिकाको रोजगार सेवा केन्द्र वा यस गाउँपालिकाको वेवसाइट https://www.paribartanmun.gov.np/news-notices बाट पनि प्राप्त गर्न सकिने छ ।

***न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्डहरु:***

- १८ बर्ष देखि ५९ वर्ष उमेर समुहका बेरोजगार नागरिक,
- अन्य कुनै रोजगारमूलक कार्यक्रममा संलग्न नरहेको,
- नेपाल सरकारले तोकेको न्यूनतम बार्षिक आम्दानी भन्दा कम पारिवारिक आय भएको आयस्रोत भएको,
- यथार्थपरक र पूर्ण विवरण सहित रितपूर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन इच्छुक रहेको,

***न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक कागजातहरु:***

| | |
|---|---|
| • हालसालै खिचेको पासपोर्ट फोटो - | १ प्रति |
| • नागरिकताको प्रतिलिपी - | १ प्रति |
| • परिवारका सबै सदस्यको नागरिकता/जन्मदर्ताको प्रतिलिपी- | १ प्रति |
| • शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपी - | १ (उपलब्ध हुनेको हकमा ) |
| • सीप तथा तालिम हाँसिल गरेको प्रमाणपत्रको प्रतिलिपी - | १ (उपलब्ध हुनेको हकमा ) |
| • शारीरिक अशक्तता परिचय पत्रको प्रतिलिपी - | १ (हुनेको हकमा मात्र) |
| • पासपोर्टको प्रतिलिपी (वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्तिको हकमा) | १ (हुनेको हकमा मात्र) |

**नोट:** *निवेदनले भने अनुसारका सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्नुपर्नेछ । यदि निवेदन अपुर्ण वा झुठो भएमा रोजगार सेवा केन्द्रले स्वीकृत गर्न बाध्य हुने छैन ।*

..............................
दिल्ली खड्का
प्रमुख प्रशासकीय अधिकृत

Website: paribartanmun.gov.np
E-mail: paribartanrmun@gmail.com